मिति २०८१।१०।२१ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८१/०८२ को आठौं नगर कार्यपालिका बैठकको निर्णयहरु:

**निर्णय नं. १** भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको लगत संकलन सम्बन्धी कार्यविधि,२०८१ को दफा ४ को उपदफा (१)र(३) बमोजिम सहजीकरण समितिमा स्वतः पदाधिकारी हुने बाहेकका देहाय अनुसारका सदस्यहरु तोक्ने निर्णय गरियो।

१. कार्यपालिका सदस्यहरु मध्येबाट एक जना दलित वा अल्पसंख्यक र एक जना महिला गरी २ जना सदस्य
   श्री सिता दराई
   श्री सरिता देवी दर्जी
२. स्थानीय तहमा क्रियाशील भूमिहिन किसान, सुकुम्बासी र आवासको क्षेत्रमा काम गरिरहेका संघ, संगठन वा यस बिषयमा अनुभवी नागरिक समाजबाट नदोहोरिने गरी सहजीकरण समितिले मनोनयन गरेका प्रतिनिधि ३ जना
   श्री मायादेवी ठकुरी, गैंडाकोट -६
   श्री महेन्द्र कार्की, गैंडाकोट -५
   श्री कृष्ण वि.क., गैंडाकोट -३
३. राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका अध्यक्ष / सभापति वा प्रतिनिधि - सदस्यहरु :
४. सम्बन्धित क्षेत्रका विज्ञहरुको तर्फबाट आमन्त्रित सदस्यहरुः
   श्री लक्ष्मी चौधरी, गैंडाकोट-७
   श्री थिर बहादुर थनेत, गैंडाकोट-१२
   श्री देवी प्रसाद पौडेल, गैंडाकोट-९
   श्री नेत्र परियार, गैंडाकोट-१२

**निर्णय नं. २** यस गैंडाकोट नगरपालिका,नगर कार्यपालिका कार्यालयले चालु आ.ब. २०८१/०८२ को लागि नगर क्षेत्र भित्रका खोलानाला/ नदिहरुका ढुङ्गा, गिट्टी वालुवा तथा रोडाको उत्खनन् तथा संकलन कार्य सञ्चालन दिगो रुपमा बन्दोबस्त गर्न Green Sahara Consulting & Construction Pvt. Ltd. खैरहनी ०८, चितवन द्वारा तयार गरिएको तपशिलका स्थान/घाटहरुको प्रारम्भिक वातावरणिय परिक्षण (IEE) प्रतिबेदनको अन्तिम प्रस्तुतीकरणमा बिषय विज्ञ श्री ध्रुब आचार्यले दिएका सुझाब समेत समावेश गरी सङ्घीय सरकारबाट जारी भएको "ढुंगा,गिट्टी,बालुवा बिक्रि तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड-२०७७", एवं " गैंडाकोट नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि-२०७७" बमोजिम उल्लेखित स्थान/घाटका प्रतिबेदनहरु स्वीकृत गर्ने निर्णय गरियो।

तपशिलः

| क्र.सं. | घाट | स्थान |
|---|---|---|
| १ | बिष्णे घाट (नारायणी नदी) | गैंडाकोट-७ |
| २ | खलेचौर घाट (नारायणी नदी) | गैंडाकोट-७ |
| ३ | जैनटार (नारायणी नदी) | गैंडाकोट-९ |
| ४ | मजुवा घाट (नारायणी नदी) | गैंडाकोट-२ |
| ५ | केलादी घाट (कालिगण्डकी नदी) | गैंडाकोट-३ |
| ६ | हर्दि खोला | गैंडाकोट-३ |
| ७ | महेश्वर खोला | गैंडाकोट-३ |

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

गैंडाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गण्डकी प्रदेश, नेपाल २०७३

**निर्णय नं. ३** नगर क्षेत्र भित्र सृजित फोहोरमैला ब्यबस्थापनलाई दिगो बनाउन आबश्यक उपाय सहित United Waste Management, Kathmandu द्वारा तयार गरिएको बिस्तृत योजना प्रतिबेदन तथा प्रारम्भिक बातावरणीय परिक्षण प्रतिबेदन तयार भई अन्तिम प्रस्तुतीकरणको लागि पेश हुन आएको र उक्त प्रतिबेदनमा बिषय विज्ञ श्री ध्रुब आचार्यले दिएका सुझाब समेत समाबेश गरी फोहोरमैला ब्यबस्थापन गर्दा नगरको सौन्दर्य वृद्धि गर्न सकिने साथै स्थानीय स्तरमा रोजगारी सृजना गरी सफा र हरियाली शहर समेत निर्माणको आधारशिला तयार गर्न उपयुक्त देखिएकोले स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं .४** यस गैंडाकोट नगर क्षेत्र (वडा नं. १-९) भित्र निर्माणाधीन नारायणघाट-बुटवल सडक (पूर्वी खण्ड) खण्डको सर्भिस लेनको लागि बन्ने सडकको निर्माण DBST प्रबिधि अन्तर्गत बन्ने गरी डिजाईन स्वीकृत भएको भन्ने उक्त आयोजनाबाट जानकारी प्राप्त हुन आएको सन्दर्भमा उक्त क्षेत्रको भौगोलिक अवस्थिति तथा बर्खाको समयमा अत्याधिक पानिका कारण हुन सक्ने लामो समयको डुबानले DBST प्रबिधि अनुसार निर्माण हुने सर्भिस लेन सडक बिग्रन सक्ने भएकोले गैंडाकोट नगर क्षेत्र (वडा नं. १-९) को उत्तर तर्फको भागमा आवश्यक स्थलको अध्ययन गरी RCC Pavement सहितको सर्भिस लेन सडक निर्माणको लागि डिजाईन परिमार्जन गर्न सम्बन्धित आयोजना निर्देशनालयमा अनुरोध गरी पत्राचार गर्ने निर्णय गरियो।

**निर्णय नं .५** यस गैंडाकोट नगर क्षेत्र (वडा नं. २-९) को नारायणी तटीय क्षेत्रमा भईरहेको र अब हुने तटबन्धनलाई अझ सबल र मजबुत गराउन हाल निर्माण भईरहेको ब्लक प्रबिधि भन्दा RCC Wall सहितको तटबन्धन निर्माण गर्दा बढी प्रभाबकारी हुने देखिएकोले RCC Wall सहितको तटबन्धन निर्माणको लागी सम्बन्धित आयोजनालाई अनुरोध गरी पत्राचार गर्ने निर्णय गरियो।

**निर्णय नं. ६** संघिय सरकारबाट कालीगण्डकी–तिनाउ डाइभर्सन अगाडी बढाउन लागिएको सन्दर्भमामा कालीगण्डकी–तिनाउ डाइभर्सनले गण्डकी प्रदेशका स्थानीय तह साथै गैंडाकोट नगरपालिकाको वातावरणीय सन्तुलन, कृषि उत्पादन, र जलस्रोतमा गम्भीर असर पार्नुका साथै धार्मिक र सांस्कृतिक महत्व बोकेको कालीगण्डकी नदीको जल प्रवाह घट्दा यसले आश्रित समुदायको जीवनशैलीमा दीर्घकालीन असर पुऱ्याउन सक्ने देखिएको, संघीय सरकारले स्थानीय सरकार र प्रभावित समुदायसँग समन्वय नगरी आयोजना अघि बढाउनु संघीयताको मर्म विपरीत समेत भएकोले उक्त आयोजना रोक्न सम्बन्धित आयोजना कार्यलय र संघीय सरकारमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७** गैंडाकोट वडा नं. १ मा अवस्थित मौलाकालिका मन्दिरमा नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत विनियोजित बजेट मध्ये धर्मशाला निर्माणका लागि Tripur Engineering Pvt. Ltd ले पेश गरेको DPR को ड्राफ्ट प्रतिवेदन स्वीकृत गरी सो प्रतिवेदन अनुसार शिघ्र बोलपत्र मार्फत सूचना आव्हान गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ८** गैंडाकोट नगरपालिकाको तर्फबाट आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि राष्ट्रिय योजना आयोगमा समपुरक तथा विशेष अनुदान अन्तर्गत देहायका योजनाहरु अनुमानित लागत सहित माग गरी पठाउने निर्णय गरियो ।

| समपुरक अनुदान तर्फ | |
|---|---|
| १ | गणेश मन्दिरबाट पश्चिम तर्फ बाटो निर्माण वडा नं. ११,१२ |
| २ | वडा कार्यालय भवन निर्माण वडा नं. १४ |
| ३ | संयुक्त वडा कार्यालय भवन निर्माण वडा नं. १६,१७ |

अरविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ता कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

CamScanner

| | विशेष अनुदान तर्फ |
|---|---|
| १ | रिंग रोड वडा नं १-९ |
| २ | बेल्डिया खोला तटबन्धन वडा नं १२,१३,१४ र १६ |
| ३ | बेसारे डाँडा मार्के बसेनी सडक निर्माण वडा नं. ३ र १८ |

गैंडाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गण्डकी प्रदेश, नेपाल २०७३

**निर्णय नं. ९** गैंडाकोट नगरपालिका वडा नं. ५ को वडा कार्यालय भवन, क्यान्टिन लगायत संरचना निर्माणका लागि श्री अग्निध्वज कन्सल्टेन्सी प्रा. लि., काठमाडौं द्वारा तयार गरीएको DPR को Draft Report पेश भएकाले सो Draft Report लाई स्वीकृत गरी राय सुझाव बमोजिम संशोधन गरी अन्तिम प्रतिबेदन पेश गर्न लगाउने निर्णय गरीयो ।

**निर्णय नं. १०** गैंडाकोट नगरपालिकामा मानब बेचबिखन र दुर्व्यशनी सम्बन्धी जनचेतना मुलक कार्यक्रम संचालन गर्ने र उक्त कार्यक्रमको खर्च चालु तर्फको कार्यक्रम खर्च शिर्षकबाट व्यवस्थापन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ११** गैंडाकोट नग्रपालिकाको गैंडाकोट नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ को दोश्रो संशोधनको दफा १० को उपदफा (२) बमोजिम नगर प्रमुख ज्यू द्वारा श्री गोविन्दराज विनोदीलाई नगर प्रज्ञाप्रतिष्ठानको कुलपति पदमा मनोनयन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १२** गैंडाकोट नगरपालिकाको लागि चालु आर्थिक वर्ष २०८१/०८२ का लागि संघीय सरकार र गण्डकी प्रदेश सरकारबाट प्राप्त समपुरक र विशेष अनुदान तर्फको बजेटबाट जयश्री खोला तटबन्धनका लागि ठेक्का आव्हान गरी बचत हुन आएको बजेट रकमलाई श्रोत मानि सोहि शिर्षकमा पुन: ठेक्का आव्हान गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं. १३** गैंडाकोट नगरपालिका वडाहरु / समितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | साविकको योजना | रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| १३ | रिसिंगे टोल मोज्याक टायल क्र.सं. १६८ को योजना रु.११ लाख मध्ये नयाँ योजनाको लागि रु.३ लाख | रु.११,००,०००/- | पुरानो वेल्डिया आनन्द चोक देखि उत्तर वेल्डिया खोला जाने बाटो स्तरोउन्नती | रु.३,००,०००/- |
| १७ | त्रिपुरेश्वर संसानघाट जाने बाटो एवं साईड वाल निर्माण मिति २०८१।०५।१९ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८१/०८२ को दोस्रो नगर कार्यपालिका बैठकको निर्णय नं. १५ | रु.६,००,०००/- | त्रिपुरेश्वर संसानघाट जाने बाटोमा पक्की कल्भर्ट निर्माण | रु.६,००,०००/- |
| ९ | पर्यटन सूचना केन्द्र क्र.सं.१५९ | रु.५,००,०००/- | पर्यटन प्रवर्द्धन मुकुन्दसेन मौलाकालिका | रु.५,००,०००/- |

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

CamScanner